मिति २०७६ साल आषाढ ०२ गते सोमवारका दिन श्रीमान प्रमुख जिल्ला अधिकारी रुद्रनाथ देवकोटा ज्यू को अध्यक्षतामा मालपोत ऐन २०३४, तथा नियमावली, २०३६ को नियम ५ को उप-नियम (ख) बमोजिम आ.व. २०७६/०७७ का लागि मालपोत कार्यालय, मनाङको कार्यक्षेत्र भित्रको रजिष्ट्रेशन प्रयोजनकालागि न्यूनतम मूल्याङ्कन समितिको बैठकमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरुको उपस्थितिमा निम्न प्रस्ताव माथि छलफल भै तपसील अनुसारको न्यूनतम मूल्याङ्कन कायम गरी मिति २०७६ साल श्रावण १ गते देखि लागू गर्ने निर्णय गरियो ।

## उपस्थिति

श्री रुद्रनाथ देवकोटा .- प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, मनाङ ……… अध्यक्ष
श्री यज्ञ घले - प्रमुख, जिल्ला सामन्वय समितिको कार्यालय,मनाङ .. ………………………सदस्य
श्री आनन्द प्रसाद बुर्लाकोटी - कार्यालय प्रमुख, नापी कार्यालय,मनाङ………………………सदस्य
श्री सौमेन्द्र सापकोटा - नि.कोष नियन्त्रक, कोष तथा लेखा नियन्त्रकको कार्यालय, मनाङ …सदस्य
श्री नविन घोताने - का.मु.प्रवन्धक, नेपाल वैंक लि.,मनाङ ……………………………………सदस्य
श्री सन्तोष श्रेष्ठ-प्रतिनिधि उद्योग वाणिज्य संघ, मनाङ ………………………………………सदस्य
श्री नुमनाथ पाध्य -कार्यालय प्रमुख, मालपोत कार्यालय, मनाङ, …………………………सदस्य सचिव

**आमन्त्रितःसदस्य :**

श्री लोकेन्द्र घले - अध्यक्ष, चामे गाँउपालिका,चामे,मनाङ
श्री कान्छा घले - अध्यक्ष, ङिस्याङ गाँउपालिकाको, मनाङ ङिस्याङ
श्री…………………- अध्यक्ष, नाशों गाँउपालिकाको कार्यालय, मनाङ
श्री लक्ष्मण न्यौपाने - अध्यक्ष, नाशों गाँउपालिकाको कार्यालय, मनाङ
श्री कमलराज आचार्य- स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, मनाङ
श्री सन्तोष आचार्य - सह-लेखापाल, गाँउपालिकाको कार्यालय, चामे,मनाङ

## निर्णय नं. १

मालपोत कार्यालय मनाङको कार्य क्षेत्र अन्तर्गत रजिष्ट्रेशनप्रयोजनकालागिआर्थिक बर्ष २०७६/०७७को न्यूनतममूल्याङ्कनविवरण देहायबमोजिमकायमगर्ने निर्णय गरीयो ।

**प्रति रोपनीन्यूनतममूल्य रु.**

| सि. नं. | गा.वि.स./ वडा | बाटोले नछोएकोजगगाको | | बाटोले छोएकोजगगाको | | | |
|---|---|---|---|---|---|---|---|
| | | चाहार | पाँचौतह | गोरेटो बाटो | | मूलमोटर बाटो | सहायकमोटर बाटो |
| | | | | चाहार | पाँचौतह | | |
| १ | धारापानी १-९हालनाँसोगापा वडा नं.१,२,३,४ | ७३,५००/- | ५२,५००/- | ८४,०००/- | ६३,०००/- | ४,४०,०००/- | ३,३०,०००/- |
| २ | थोचे १-९हालनाँसो गा.पा वडा नं. ५ | ६८,०००/- | ४७,५००/- | १,८३,०००/- | १,३६,५००/- | - | ३,००,०००/- |
| ३ | ताचै बगरछाप १-९हालनाँसो गा.पाहाल वडा नं. ८,९ | ७३,५००/- | ५२,५००/- | ८४,०००/- | ६३,०००/- | ४,४०,०००/- | ३,३०,०००/- |
| ४ | चामे १-४ हालचामे गा.पा. वडा नं. १,२ | १,०५,०००/- | ८४,०००/- | १,८९,०००/- | १,८४,०००/- | ११,५५,०००/- | ७,८७,५००/- |
| ५ | चामे ५-९हालचामे गा.पा. वडा नं. ३,४,५ | १,०५,०००/- | ८४,०००/- | १,८९,०००/- | १,८४,०००/- | १५,००,०००/- | ११,००,०००/- |
| ५ | पिसाङ १-९हालमनाङ डिस्याङ गा.पा.वडा नं. १ | ७३,५००/- | ५२,५००/- | ८४,०००/- | ६३,०००/- | ४,४०,०००/- | ३,३०,०००/- |
| ६ | भ्राका १-९हालमनाङ डिस्याङ गा.पा.वडा नं.५ | ७३,५००/- | ५२,५००/- | ८४,०००/- | ६३,०००/- | ४,४०,०००/- | ३,३०,०००/- |
| ७ | टंकी मनाङ १-९हालमनाङ डिस्याङ गा.पा. वडा नं. ७,८ | ६३,०००/- | ५५,०००/- | ८४,०००/- | ६३,०००/- | ३,३०,०००/- | २,२०,०००/- |
| ८ | घ्यारु/ङावल१-५हालमनाङ | ४२,०००/- | ४०,०००/- | ५२,५००/- | ४७,३००/- | - | २,००,०००/- |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | डिस्याङगा.पा. वडा नं. २,३ | | | | | | |
| ९ | घ्यारु/ङावल६-९हालमनाङ डिस्याङ गा.पा. वडा नं. ३ | ७३,५००/- | ५२,५००/- | ८४,०००/- | ६३,०००/- | - | ३,००,०००/- |
| १० | मनाङ १-८हालमनाङ डिस्याङ गा.पा. वडा नं.६ र ९ को हाल वडा नं.४ | ८४,०००/- | ६३,०००/- | ९४,५००/- | ८४,०००/- | ६,००,०००/- | ४,००,०००/- |
| ११ | खाङसार १-९हालमनाङ डिस्याङ गा.पा. वडा नं. ९ | ४२,०००/- | ३६,८००/- | ५२,५००/- | ४७,५००/- | २,५०,०००/- | १,७५,०००/- |
| १२ | नार १-९ हालनार्पाभूमिगा.पा. | २६,५००/- | २३,१००/- | ३१,५००/- | २६,५००/- | - | - |
| १३ | फु १-९हालनार्पाभूमिगा.पा. | २१,०००/- | १९,०००/- | २६,५००/- | २१,०००/- | - | - |

## निर्णय नं. २

यस जिल्ला भरका सबै गा.वि.स. /गाँउपालिका अन्तरगतका वडाहरुमा निर्माणाधिन र निर्माण भै सकेका घरहरुको रजिष्ट्रेशन लिखत पारित प्रयोजनकालागि देहाय बमोजिमको मूल्याङ्कनमा नघट्ने गरी गा.वि.स./गाँउपालिका/वडा समितिहरु को सिफारिसमा उल्लेखित मूल्य कायमगर्ने निर्णय गरियो ।

**तपसील**

क) पक्की घर ३ तलाभन्दामाथीको रु. १५,००,०००।- (रु. पन्ध्र लाख)

ख) पक्की घर ३ तलाको रु. १२,००,०००।- ( रु. बाह्र लाख)

ग) पक्की घर २ तलाको रु. ९,००,०००।- (रु. नौ लाख)

घ) पक्की घर १तलाको रु. ६,०००००।- (रु. छ लाख)

ङ) कच्ची घरको रु. १,५०,०००।- (एक लाख पचास हजार)

**निर्णय नं. ३**

मालपोत कार्यालयमा लिखत रजिष्ट्रेशनकालागि कागजात पेश हुँदा बेसिसहर चामे सडक र चामे-मनाङ सडक सँग जोडिएका कित्ता जग्गाहरुलाई मूल मोटर बाटोले छोएको र मूल मोटर बाटो बाट सहायक मोटर बाटो गएको कित्ता सँग जोडिएका जग्गाहरुलाई सहायक मोटर बाटोसँग जोडिएको साथै घर भए नभएको घर भएमा घरको प्रकार र न्यूनतम मूल्यमा नघट्ने गरी घरको मूल्य समेत उल्लेख हुने गरी घर बाटो सिफारिस गरिदिन सबै गाँउपालिकाहरुलाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

गाँउपालिका/वडा कार्यालयबाट सिफारिस भै आएको घर बाटोको सम्बन्धमा लिखत पारित हुनु अगावै कुनै सूचनाद्धारा सिफारिस बेमुनासिव छ भन्ने सिकायत प्राप्त भएमा कार्यालयबाट नापी कार्यालयका प्राविधिक कर्मचारी समेतको सहयोगमा फिल्ड निरिक्षण गरी मूल्याङ्कन कायम गर्न सकिने निर्णय गरियो ।

**निर्णय नं. ५**

लिखतमा घर नखुलाई पारितबाट पछि घर थियो भनी मालपोत कार्यालयमा दाबी गर्न पाइने छैन । लिखतमा घर छिपाई पारित भएको ठहरेमा सम्बन्धीत पक्ष (धनी) बाट घरको मूल्याङ्कन अनुसारको राजस्व आर्थिक ऐनले तोकेको थप जरीवाना र घर कायमको दस्तुर समेत असुल गरी घर कायम गरिने निर्णय गरियो ।

**निर्णय नं. ६**

गाँउपालिका/वडा कार्यालयबाट प्राप्तहुने घरबाटोको सिफारिसमा राजकुलो, खहरे, खोलाबाटो उल्लेख भई आएमा गोरेटो बाटो सरहको मूल्याङ्ककन कायम गरिने छ ।

**निर्णय नं. ७**

एउटै कित्ताबाट कित्ताकाट भई विभिन्न कित्ता कायम गरि खरिद विक्रि गर्दा मुलकित्ताको मूल्याङ्ककनलाई आधार लिई सोहीअनुसार मुल्याङ्ककन कायम गरिने निर्णय गरियो ।

**निर्णय नं. ८**

गाँउपालिका/वडा कार्यालयबाट प्राप्तहुने घरबाटोको सिफारिस राजस्व असुलीसँग सरोकार राख्ने हुँदा सम्बन्धीत निकायबाट प्राप्त सिफारिसमा घर बाटोको ब्यहोरा फरक पर्न गई नेपाल सरकारलाई प्राप्तहुने राजस्व कम हुन गएमा सम्बन्धीत सिफारिस कर्ता एवं घर जग्गा लिने र दिनेहरु जिम्मेवार जवाफदेहीहुनु पर्ने छ भनि निर्णय गरियो ।